अपिहिमाल गाउँपालिका

स्थानीय राजपत्र

खण्ड : ०७ संख्या : ३७ मिति : २०८०/११/३०

भाग - २

**अपिहिमाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खण्डेश्वरी, दार्चुला**

**सुदुरपश्चिम प्रदेश**

---

नेपालको संविधान बमोजिम अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# अपिहिमाल गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८०

<u>गाउँ कार्यपालिकाबाट स्वीकृत मिति</u>

२०८०।११।२९

**<u>प्रस्तावना</u>**: नेपालको संविधानको प्रस्तावनामा उल्लेख भएको "सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारकार विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प" लाई साकार पार्न गाउँपालिकाबाट संचालन हुने आयोजना तथा कार्यक्रमलाई लैससास मैत्री बनाउँदै राज्यले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेका प्रतिबद्धता अनुसार कार्य गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा अपिहिमाल गाउँपालिकाको प्रशासनिक कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी अपिहिमाल गाउँपालिका गाउँ कार्यपालिकाले देहायको कार्यविधि बनाई जारी गरिएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "अपिहिमाल गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि,२०८०" रहेको छ ।

(२) यो कार्यविधि गाउँपलिकाको स्थानीय राजपत्रमा प्रकाशित गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"गाउँपालिका"** भन्नाले अपहिमाल गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) **"कार्यपालिका"** भन्नाले अपिहिमाल गाउँपलिका गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) **"अध्यक्ष"** भन्नाले अपिहिमाल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) **"उपाध्यक्ष"** भन्नाले अपहिमाल गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) **"कार्यक्रम"** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार आयोजनाहरुको संयोजित रुप सम्झनु पर्दछ ।

(च) **"योजना"** भन्नाले समग्र विकास निर्माण सम्बन्धी कार्यको लागि तयार गरिएको आवधिक विकास योजना वार्षिक विकास योजना, सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीतिक योजना आदि सम्झनु पर्दछ ।

(छ) **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा स्रोत साधन उपयोग गर्नबाट वञ्चिय भई जोखिममा परेका र आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनपायन गर्नबाट वञ्चित भई गरिबी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रक्रियामा सहभागी गराई उलब्ध अवसर, स्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्दछ।

(ज) **"लैङ्गिक सम्पर्क व्यक्ति"** भन्नाले गाउँपालिकामा समावेशी विषय हेर्नेगरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(झ) **"लैङ्गिक बजेट"** भन्नाले विभिन्न जात जाती, क्षेत्र,वर्ग र समुदाष, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा ज्येष्ट नागरिकहरूको आवश्यकतालाई सहभागीतामूलक ढङ्गले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई सम्झनु पर्दछ । सो शब्दले सामाजिक समावेशी

अपिहिमाल गाउँपालिका

लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेतलाई जनाउदछ ।

(ञ) **"उपभोक्ता समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समितिसम्झनु पर्दछ।

(ट) **"गैरसकारी संस्था"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका गाउँपालिकाको सभाबाट कार्यक्रम स्वीकृत गराई वा समन्वय राखी सञ्चालन गर्ने गैर नाफामूलक संस्था सम्झनु पर्दछ ।

(ठ) **"स्थानीकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाउँ विशेषको परिस्थिति वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एवम् अधिकतम उपषोग गर्ने प्रक्रिया सम्झनु पर्दछ ।

(ड) **"वञ्चित समूह"** भन्नाले परम्पारगत रुपमा लामो समयदेखि जातीय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्याक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेसी, मुस्लिन, अपाङ्ग, जेष्ठ नागरिक एवम् दुर्गम क्षेत्रमा बसोबास गर्ने नागरिक सम्झनु पर्दछ ।

(ढ) **"अल्पसंख्या"** भन्नाले संङ्घीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्दछ । सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषीय विशिष्टता भएको,त्यसलाई बचाई राख्ने आकाङ्क्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

(ण) **"सीमान्तीकृत"** भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारण सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संङ्घीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्दछ र शब्दले अति सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

(त) **"लैङ्गिक समता"** भन्नाले अवसर र न्यायबाट वञ्चित महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्याकलाई थप अवसर दिई समतामूलक स्थितिको निर्माण गर्न गरिने विशेष प्रयासलाई सम्झनु पर्दछ ।

(थ) **"लैङ्गिक समानता"** भन्नाले महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंङ्ख्याक बीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्दछ ।

(द) **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला तथा पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंङ्ख्यक र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्बन्धहरुलाई पुनःसन्तुलित गर्न हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्दछ ।

(ध) **"लक्षित समूह"** भन्नाले सामाजिक वा सांस्कृतिक दृश्टिले पिछडिएका महिला, दलित, आदिबासी जनजाती, मधेसी, थारु, मुस्लसम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंङ्ख्यक, सीमान्तिकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक, अल्पसंङ्ख्यक, अपाङ्ग भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएका क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य लगायत नागरिकका अतिरिक्त नेपाल सरकारले लक्षित समुह भनी तोकेका एवम् समुदाय सम्झनु पर्दछ ।

(न) **"लैङ्गिक समानतन तथा समाजिक समावेशीकरण बजेट"** भन्नाले गाउँपालिकाको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, यौनिक अल्पसंङ्ख्या, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागितामूलक ढङ्गले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई सम्झनु पर्दछ । सो शब्दले लैङ्गिक समानता तथा समावेशिकरणको लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपयोग हुने गरी बजेट तर्जुमा प्रक्रिया समेतलाई सम्झनु पर्दछ ।

(प) **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण"** भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंङख्यक बीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैङ्गिक समापन तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल

भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्दछ ।

(फ) **"लैङ्गिक मूलप्रवाहीकरण"** भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुलाई समाहित गर्ने प्रक्रिया सम्झनु पर्दछ ।

(ब) **"लैङ्गिक उत्तरदायी बजेट"** भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटको सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धीको समताकूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रुपमा उद्देश्यमूलक कार्यक्रमहरु तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई सम्झनु पर्दछ ।

(भ) **"लैङ्गिक तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका व्यक्ति र समूहहरु"** भन्नाले सामाजिक विकास क्रमसँगै वर्षौं देखि जातजाति, लिङ्ग, अपाङ्ग तथा धर्मका आधारमा अस्तित्व पहिचान गुमाई राज्यले उपलब्ध गराउने सेवा वा सुविधा, समान अवसर र पहुँच साथै सेवा सुविधाको उपभोग वा उपयोगमा भेदभावमा परेका समूहहरुको अवस्थालाई सम्झनु पर्दछ ।

(म) **"लैङ्गिक प्रभाव विश्लेषण"** भन्नाले नीति तथा अभ्यासहरुको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनाबाट महिला एवम् पुरुष कतिको लाभान्वित भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(य) **"सशक्तिकरण"** भन्नाले विकासको अवसरहरुबाट वञ्चित, स्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका, अशक्त वा कमजोर वर्गलाई सबल बनाउने कार्यलाई सम्झनु पर्दछ।

(र) **"लैससास कार्यदल"** लैससास परीक्षणका लागि गाउँपालिकाले तयार गर्ने लैससास मैत्री कार्यदल सम्झनु पर्दछ ।

## परिच्छेद -२

## कार्यविधिको उद्देश्य, नीति, सिद्धान्त, रणनीति र कार्यक्षेत्र

३. **कार्यविधिको उद्देश्य** : यस कार्यविधिको मुख्य उद्देश्य लैससास अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृतरुपमा स्थानीयकरण गरी गाउँपलिकाले गर्ने सम्पूर्ण विकासका कार्यहरुलाई लैससास उत्तरदायी र दिगो बनाउने आर्थिक स्रोतको सुनिश्चितता, उपलब्धिको समातामूलक वितरण र उपयोगी बनाउने रहेको छ । अन्य उद्देश्य देहाय वमोजिम रहेका छन ।

(क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला तथा समाजिक रुपमा वञ्चितीकरणमा परेका व्यक्ति र समूहहरुलाई समावेश गरी लैङ्गिक समानता र सबै जातजाती तथा समुदायको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तर तथा सामाजिक विभेद प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

(ख) महिला र सीमान्तकृत समूहहरुलाई समावेश गरी उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक क्षमता अभिवृद्धि गरी गाउँपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थ पूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

(ग) गाउँपालिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याकंन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

४. **<u>नीति</u>** : यो कार्यविधिको कार्यान्वयन गर्दा देहायका नीतिहरु अवलम्ब गरिनेछ ।

(क) गाउँपालिकाको सञ्चालन गर्ने सम्पूर्ण योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणबाट संस्थागत गरी त्यसमा महिला र सीमान्तकृत समूहको अर्थपूर्ण सहभागिताका लागि कार्यक्रम कार्यान्वयन गरी मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै लगिने नीति लिनेछ ।

(ख) गाउँपालिका सेवा प्रदायक सरोकारवाला संस्थाहरु, महिला र सीमान्तकृत समूहहरुलाई समावेश गरि योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गर्दै गाउँपालिका विकास प्रक्रियामा निर्णयक तथा अर्थ पूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा समाजिक सशक्तिकरण गर्ने ।

५. **<u>रणनीति</u>** : यो कार्यविधि कार्यान्वयनका लागि देहायका रणनीतिहरु अवम्बन गरिनेछ।

(क) गाउँपालिकामा महिला, गरिब र वञ्चितमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखाजोखा गरी नीतिगत व्यवस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरु, कार्य वातावरण र संस्कृति, योजना बजेट, पहुँचयुक्त अवसर, सेवा युक्त कार्य, अनुगमन, मूल्याङ्कन र अनुसन्धान आदि कार्य मार्फत वञ्चितीकरणमा परेका समुदायहरुको समस्या र सवाल पहिचान गरी उनीहरुलाई विशेष अवसर दिई सवाल र समस्याको सम्बोधन गर्दै स्थानीय विकास प्रक्रियामा उनीहरुको मूलप्रवाहिकरण गरिनेछ ।

(ख) लैङ्गिक समानता तथा समाजिक समावेशीकरण बजेट परीक्षण स्थानीय सरकारको संरचना र कार्यक्रमहरुमा समावेश गरी

लैङ्गिक समानता र सबै पहिचान र पृष्ठभूमिका नागरिकहरुको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक तथा सामाजिक मूलप्रवाहिकरण गर्दै लगिनेछ ।

(ग) विकासका अवसरबाट वञ्चित, स्रोत र साधनमा पहुँच तथा नियन्तणमा पछाडि परेका वा पारिएका असक्त, गरिब, महिला, आदिवासी जनजाती, मधेशी, दलित, मुस्लिम, पिछडाबर्ग, अल्पसङख्यक आदिको स्थानीय तहको स्थानीय तहको समग्र शासन प्रणालीमा अर्थपूर्ण सहभागिता गराई, सवल बनाई उनीहरुको सशक्तिकरण गर्दै लगिनेछ ।

६. **कार्यविधिको कार्यक्षेत्र** : संविधानको धारा १८ मा व्यवस्थित भएको समानताको हक अन्तर्गत "समाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, यौनिक अल्पसंङख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंङख्यक, अपाङ्गता भएका व्यक्थि, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र, र आर्थिक रुपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन" भन्ने व्यवस्था बमोजिम गाउँपालिकाले त्यस्तो वर्गका हितका लागि विगतमा गरेका गतिविधिहरुको यस कार्यविधिमा तोकिएको अधिनमा रही परिक्षण वा लेखाजोखा गर्नेकार्य यस कार्यविधिको कार्यक्षेत्रमा पर्दछ । गाउँपालिकामा आफ्नो कार्यक्षेत्र बनाई सामाजिक क्षेत्रको विकासका लागि विभिन्न गतिविधिहरु संचालन गर्ने विकास साझेदारीहरु जस्तै संङ्घीय सरकार, प्रदेश सरकार, अन्तर्राष्ट्रिय गैसस, गैसस तथा सामाजिक संस्थाहरुले यस क्षेत्रमा गरेका क्रियाकलापहरुको मापन गर्ने कार्य समेत यसै कार्यविधिको कार्यक्षेत्र मानिनेछ ।

## परिच्छेद-३

## लैससास परीक्षण विधि तथा प्रक्रियाहरु

७. **लैससास परीक्षण विधि** : गाउँपालिका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट परीक्षण गर्दा एउटा लेससास मैत्री कार्यदल बनाई कार्य गरिनेछ । लैससास परीक्षण कार्यान्वयन गर्दा देहायका विधिहरु अपनाई गाउँपालिकामा लैससासको अवस्था विश्लेषण गरिनेछ ।

(क) **दस्तवेज समीक्षा**: लृससास कार्यदलले गाउँपालिकाको दस्तावेजहरु (जस्तै ऐन, कानून, नीति, कार्यविधि, क्षमता विकास योजना वार्षिक योजना, आवधिक योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/वार्षिक/समिक्षाको प्रतिवेदन, विकास बुलेटिन, जिल्ला गाउँपालिकाको प्रोफाइल, विधिन्न समयमा भएका निर्णयहरु आदर्को लैससासको दृष्टीकोणबाट विश्लेषण र पुनरावलोकन गरी Inception प्रतिवेदन तयार गरिनेछ ।

(ख) **<u>लक्षित समुदाय छलफछ</u>**ः लैससास बजेट परीक्षण गर्दा गाउँपालिकासँग सरोकार राख्ने समूहहरु सँग सम्बन्धित सवालहरुमा थप जानकारी लिनको लागि कार्यविधिको अनुसूचीमा संलग्न प्रश्नावलीहरुका आधारमा लक्षित समुदाय छलफल गरिनेछ ।

(ग) **<u>मुख्य सूचनादातासँग अन्तरवार्ता</u>**ः लैससास परीक्षणको गोष्ठी सञ्चालन पूर्ण सम्बन्धित सूचना संङ्कलन र छलफलबाट आएका नतिजाहरुको बारेमा पुस्टयाई तथा थप जानकारी लिनका लागि गाउँपलिकाको मुख्य सरोकारवाला वा प्रतिनिधिहरुसँग अन्तर्वार्ता गरिनेछ ।

(घ) **<u>लैससास कार्यशाला सञ्चालन (सूचकहरुको लेखाजोखा)ः-</u>**

(१) पाँच वटा मुख्य विषय र बाइस वटा सहायक विषयहरु माथि छलफल गर्न एक सय वटा सूचकहरु तय गरिएको छ । प्रत्येक मुख्य विषयहरुको पूर्णाङ्क वीस/वीस वटा मुख्य विषयहरुको जम्मा पूर्णाङ्क एक सय रहेछ । प्रत्येक विषयका बीस वटा उप शिर्षकहरु रहने छन । प्रत्येक सूचकको पूर्णाङ्क एक रहनेछ । प्रत्येक सूचकहरुमा अङ्कभार प्रदान गर्दा प्रमाणिकरणका आधारहरुलाई अध्ययन गर्नु पर्नेछ । यदि सूचकलाई पुस्टयाई गर्ने प्रकाणिकरणले सबै आधारहरु पुगेका छन् भने एक अङ्कभार प्रदान गर्न, आंसिक मात्र पुगेका छन् भने शुन्य दशमलव पाँच अंक प्रदान गर्ने र केहि पनि पुगेको छैन भन्य शुन्य नम्बर प्रदान गरिनेछ ।

(२) विभिन्न शीर्षकहरुमा प्राप्त अङ्कहरुलाई माकुरेजालोको चित्र (Spied Diagram) बनाई सहभागीहरु माझ उक्त नमूना चित्र राखिनेछ । सो चित्रले देखाएका राम्रा पक्षहरुलाई निरन्तरता दिदै कमजोर पक्षहरुलाई सुभार गर्दै आगामी दिनहरुमा गाउँपालिकालाई एक आदर्श स्थानीय तहको रुपमा स्थापित गर्न आवश्यकताहरुको पहिचान गरी लैङ्गिक तथा समाजिक समावेशी विकासका लागि एकीकृत कार्य योजना बनाई अगाडि बनाइनेछ ।

(ङ) **<u>सबल, सुधारात्मक, अवसर र चुनौती विश्लेषण</u>**ः- लैससास कार्यदलले सहभागितात्मक विधिका आधारमा कार्यशालाकै अवधिमा लैससासका लागि विगतमा भए गरेका गतिविधिहरु र अनुभवको आधारमा गाउँपालिकको लैससास सम्बन्धी सबल पक्ष, सुधारर गर्नपर्ने पक्ष, अवसर र चुनौती पहिचान गरिनेछ।

(च) **कार्ययोजना तयारः** सहभागितात्मक प्रक्रियाबाट पहिचान गरिएका सुधार गर्नु पर्ने पक्षहरुलाई सुधार गर्न अनुसूची-१ मा उल्लेखित भएको ढाँचामा कार्ययोजना तयार गरिनेछ । यस कार्ययोजनालाई गाउँपलिकाले वार्षिक रुपमा अनुगमन गरी सुधार भएका पक्षहरुलाई माकुरे जालोमा थप्दै उपलब्धीहरुलाई आंकलन गर्नुपर्ने छ । सुधार गर्नुपर्ने पक्षहरुलाई पुनः कार्ययोना बनाई निरन्तर कार्यान्वयन गरिनेछ।

(छ) **प्रतिवेदन तयारः** यस कार्यविधिको अनुसूची-२ मा उल्लेख भएको लैससास परीक्षणको प्रतिवेदनको ढाँचामा प्रतिवेदन तयार गर्नुपर्नेछ । लैङ्गिक समानता तथा सामाजिक समाजेशी परीक्षण गर्दा सहभागीहरु बीच भएको छलफलबाट आएको निचोडलाई प्रतिवेदनका रुपमा तयार गरिनेछ ।

८ **लैससास परीक्षणका प्रक्रियाहरु** : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट परीक्षण मुख्यतः तीन चरणमा विभाजन गरी चालु आर्थिक वर्षको पहिलो चौमासिक भित्र सम्पन्न गरिनेछ ।

(क) तयारी चरण समय एक दिन

(१) लैससास परीक्षणका उद्देश्य र प्रक्रियाका बारेमा जनप्रतिनिधि र कर्मचारीहरुलाई जानकारी गराउने, अभिमुखिकरण गर्ने ।

(२) कार्याशाला गोष्ठीको पूर्व तयारी तथा चाहिने सामग्रीहरुको व्यवस्था गर्ने ।

(३) जनप्रतिनिधि तथा कर्मारीहरुसँग तयारी बैठक बस्ने, लैससास परीक्षणको लागि सहभागीहरुको सूची तयार गर्ने, लैससास कार्यशाला गोष्ठी सञ्चालनको लागि मिति, स्थान, समय अवधि तोक्ने ।

(४) लैससास परीक्षणका लागि कार्यदल बनाउने ।

(ख) कार्यान्वयन चरण (समय तीन दिन)

(१) गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष कार्यपालिकाका सदस्यहरु, कर्मचारी र समितिका पदाधिकारीहरु समेत लैससास परीक्षण बैठकमा समावेश गराइनेछ ।

(२) लैससास परीक्षण कार्यशाला गोष्ठीको समय दुई दिन र पुष्ट्याईका आधारहरु संकलन गर्न एक दिन लाग्नेछ ।

(३) लैससास परीक्षण कार्य गाउँपलिकाको आन्तरीक स्व-लेखाजोखा कार्यक्रम भएको हुनाले गाउँपालिकामा यस विषयमा विशेष सहजीकरण गर्ने सीप भएका व्यक्तिले सहजीकरण गर्न सक्नेछ ।

(४) लैससास परीक्षण कार्यको सहजीकरण गर्न गाउँपालिकाले आवश्यक ठानेमा वाह्य स्रोत व्यक्तिलाई पनि लिन सकिनेछ ।

(५) गाउँपालिकाका पदाधिकारीहरु र कर्मचारीहरुको सहभागिताद्वारा लेखाजोखाको ढाँचा अनुसूची-३ अनुसारको प्रश्नावलीहरुमा छलफल गरी अङ्क दिइनेछ।

(६) प्राप्तङ्कको आधारमा गाउँपालिकाको लैससास क्षेत्रको सबल पक्ष सुधार गर्नुपर्ने पक्षहरु अवसर चुनौती पहिचान हुनेछ । अनुसूची-४ अनुसार पूर्णाङ्क अङ्क प्राप्तलाई सबल पक्ष र त्यसभन्दा कम प्राप्ताङ्कलाई सुधार गर्नुपर्ने पक्षमा राखिनेछ ।

(७) पहिचान गरिएका सुधार गर्नुपर्ने पक्षहरुलाई समाधान गर्न अनुसूची-१ बमोजिमको कार्ययोजना तयार गरिनेछ।

(ग) प्रतिवेदन चरण (समय दुई दिन)

(१) खण्ड (क) र (ख) बमोजिमका आधारमा विश्लेषण गरी लैससास कार्यदलले विस्तृत प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्नुपर्नेछ । त्यस्तो प्रतिवेदान कार्यपालिका बैठकमा पेश गरी प्राप्त सुझाब तथा निष्कर्षहरुको कार्यान्वयन गरिनेछ । मुख्य प्राप्तिहरु अनुसूची-५ मा र प्रतिवेदनको ढाँचा अनुसूची-२ मा उल्लेख गरिनेछ ।

९ **<u>संशोधन तथा बाधा अडकाउ फुकाउ</u>** : (१) यस कार्यविधिलाई आवश्यकता अनुसार परिमार्जन, संशोधन र खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउ आदेश जारी गर्न सक्नेछ । त्यस्तो आदेश यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

१० **<u>यस कार्यविधि बमोजिम हुने</u>** : (१) प्रचलित कानूनमा जुनै कुरा लेखिएको भए तापनि यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि यस कार्यविधिमा लेखिएका कुरा संविधान, संघीय कानून, प्रदेश कानून र गाउँपालिकाका अन्य ऐन सँग बाझिएमा बाझिएको हद सम्म स्वत बदर वा खारेजी हुनेछ ।

<u>प्रमाणिकरण मितिः</u>

आज्ञाले,
ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

आधिकारिक नागुपालिका